नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार,
काठमाडौं
नेपाल ।

मिति:-२०७७।०१।०३

## जानकारी

मिति २०७६।०८।१५ देखि २०७६।०८।२४ सम्म नेपालमा सम्पन्न भएको १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने नेपाली खेलाडीहरुलाई नगद पुरस्कार एवं सम्मानपत्र एक समारोहबीच वितरण गर्ने कार्यक्रम राखीएकोमा कोभिड-१९ संक्रमणको कारण हाल समारोह आयोजना गरी पुरस्कार वितरण तथा सम्मान कार्यक्रम गर्न सम्भव नभएकोले पदक प्राप्त गर्ने ४३५ जना नेपाली खेलाडीहरुलाई 'खेलकुद पुरस्कार तथा सम्मान कार्य विधी, २०७२' अनुसारको नगद पुरस्कार कुल जम्मा रु. १९ करोड ५३ लाख राष्ट्रिय खेलकुद परिषदबाट उपलब्ध गराइएको विवरण बमोजिम संबन्धित खेलाडीहरुको बैंक खातामा जम्मा गरिएको छ । तसर्थ संबन्धित खेलाडीहरुले आ-आफ्नो बैंक खाता चेक गरी पुरस्कार रकम प्राप्तीको यकिन गर्नुहुन अनुरोध गरिन्छ । यदि रकम जम्मा नभएको वा अन्यथा भएको लागेमा राष्ट्रिय खेलकुद परिषद्का श्री कमल खनाल (मो नं. ९८५१०२४७८९) वा यस मन्त्रालयका उप-सचिव (लेखा) श्री नवराज घिमिरे (मो नं. ९८४१४५०७२३) लाई सम्पर्क गर्नु हुन जानकारी गराईन्छ । सम्मानपत्रको हकमा कोभिड-१९ संक्रमणबाट अवस्था सामान्य भएपछि उपलब्ध गराइनेछ ।

पुनश्च: उक्त खेलकुद प्रतियोगिता संग संवन्धित प्रशिक्षक तथा सहायक प्रशिक्षक र खेल संघसंस्थाको हकमा कार्यविधी अनुसार कुनै पेश्की वा सरकारी बाँकी नरहेको व्यहोरा राष्ट्रिय खेलकुद परिषदबाट लेखी अएपछि रकम भुक्तानी गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

धन्यवाद ।

डा. मान बहादुर वीके
सह-सचिव (प्रवक्ता)

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np